# छपाई तथा आपुर्ति कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रकाशित मिति २०७२/०८/१३)

यस बैंकको लागि आवश्यक तपशिलका विभिन्न प्रकारका सामानहरु छपाई गर्नु पर्ने भएकोले सम्बन्धित सबैलाई यो सूचना प्रकासित भएको मितिले ३० औं दिन अर्थात मिति २०७२।०९।१३ को कार्यालय समयभित्र बोलपत्र कागजात खरिद गरी ३१ औं दिन अर्थात मिति २०७२।०९।१४ दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । साथै उक्त बोलपत्र मिति २०७२।०९।१४ गतेका दिन दिनको २:०० बजे खोलिनेछ । यस बैंकको शाखा कार्यालय थापाथलीको आम्दानी अन्य शीर्षकको हिसाब नं ९५९९०२०००मा बोलपत्र दस्तुर बापत फिर्ता नहुने गरी रु.१०००/-(अक्षरेपी एक हजार) मात्र जम्मा गरी सक्कल अर्धकट्टी भौचर पेश गरेपछि बोलपत्र कागजात रा.वा.बैंक लि. केन्द्रीय कार्यालय सामान्य सेवा विभागबाट प्राप्त गर्न सकिनेछ । बोलपत्रका साथ बोल कबोल रकमको कम्तीमा ५% ले हुने यस बैंकको शाखा कार्यालय थापाथलीको अर्नेष्ट मनी शीर्षकको हिसाव नं ९१६१२०००० मा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त “क” श्रेणीको वाणिज्य बैंक (यस बैंक बाहेक) बाट बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तीमा १२० दिनको मान्य अवधि भएको बिड बण्ड (बैंक ग्यारेण्टी) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । बोलपत्रका साथ फर्म दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाणपत्र एवम आ.व.२०७१/७२ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप भएको कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि समेत अनिवार्य संलग्न गर्नुपर्नेछ ।साथै बोलपत्र प्रक्रियामा भाग लिन अयोग्य नभएको, प्रस्तावित कारबाहीमा आफ्नो स्वार्थ नबाँझिएको र सम्बन्धित पेशा व्यवसाय सम्बन्धि कसूरमा आफूले सजायँ नपाएको व्यहोराको स्वयम घोषणाको लिखित पत्र समेत पेश गर्नुपर्नेछ । छपाई गर्नु पर्ने सामानहरुको नमुना तथा विस्तृत जानकारीको लागि यस बैंकको वेभ साईट www.rbb.com.np मा हेर्न तथा केन्द्रिय कार्यालय सामान्य सेवा विभागमा समयमा संम्पर्क राख्नु हुनेछ ।

तपशिल

| क्र.सं. | सामानहरुको विवरण | आवश्यक परिमाण | क्र.सं. | सामानहरुको विवरण | आवश्यक परिमाण |
|---|---|---|---|---|---|
| १ | उत्तरपुस्तिका | २ लाख प्रति | ३ | कर्मचारी संचयकोष भौचर | १५०० प्याड |
| २ | कम्प्यूटर स्टेटमेन्ट पेपर | १५०० रिम | | | |


**राष्ट्रिय बाणिज्य बैंक लि.**

**केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग**

फोन-४२५२५९५,Ext. नं-२४२४, २४४८


## खण्ड २ : बोलपत्रदातालाई निर्देशन:

१. यस बैंकको शाखा कार्यालय थापाथलीको आम्दानी अन्य शीर्षकको हिसाब नं **९५९९०२०००** मा बोलपत्र दस्तुर बापत फिर्ता नहुने गरी रु. १०००/-(अक्षरेपी रु. एक हजार) मात्र जम्मा गरी सक्कल अर्धकट्टी भौचर यस कार्यालयमा पेश गरी यो सूचना प्रथम पटक प्रकासित भएको मितिले ३० औं दिन अर्थात २०७२| | गते कार्यालय समय भित्र बोलपत्र कागजात खरिद गरिसक्नु पर्नेछ र ३१ औ दिन अर्थात २०७२| | गते दिनको १२ बजे भित्र बोलपत्र दाखिला गरिसक्नुपर्नेछ र सोही दिन दिनको **२** बजे बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ | तर निजहरुको अनुपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन |

२. बोलपत्रदाताले खाम वाहिर शिरमा विभिन्न प्रकारका सामानहरु छपाई तथा आपुर्ति कार्य सम्बन्धी बोलपत्र उल्लेख गरी राष्ट्रिय वाणिज्य बैंक लि.,केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, सिंहदरवारप्लाजा, काठमाण्डौलाई सम्बोधन गरिएको हुनु पर्नेछ |

३. बोलपत्र कागजातका साथ निम्न अनुसारका कागजातहरु नोटरी पव्लिकबाट प्रमाणित गराई अनिवार्य रुपमा पेश गर्नु पर्नेछ :

क) नविकरण गरिएको फर्म / कम्पनि दर्ताको प्रमाणपत्र,

ख) मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्वर प्रमाणपत्र,

ग) पछिल्लो आ.व. को कर चुक्ता प्रमाण पत्र वा कर बिवरण पेश गरेको कागजात,

घ) कम्पनीको हकमा प्रबन्धपत्र, नियमावली, अध्यावधिक गरेको शेयर दर्ता कितावको श्रेस्ता र प्रोपाईटर,साझेदार, सञ्चालकहरुको नागरिकताको प्रमाणपत्र

ङ) कम्पनी/साझेदारी फर्मको हकमा बोलपत्रमा भाग लिने निर्णय तथा सो सम्बन्धी सम्पर्ण काम कारवाही गर्ने व्यक्तिलाई अख्तियारी प्रदान गरिएको व्यहोराको सञ्चालक समिति /साझेदारहरुको संयुक्त निर्णयको प्रतिलिपी |

च) पछिल्लो आ.व.को लेखा परिक्षण भएको वित्तिय विवरण

४. बोलपत्रदाताले यस बोलपत्र प्रकृयामा भाग लिन अयोग्य नभएको, प्रस्ताबित कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा व्यवसाय सम्बन्धि कसूरमा आफूले सजायँ नपाएको व्यहोराको स्वयम-घोषणा लिखित रुपमा पेश गर्नु पर्नेछ |

५. बोलपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्र दर्ता वा खोल्ने कार्य हुनेछ | म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन |

६. बोलपत्रदाताले मूल्य अंकित सूची (Price Schedule) मा तोकिएको कार्यको दरभाउ अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ | केरमेट भएको हुनु हुँदैन | कथं कदाचित अंक र अक्षरमा भिन्नता देखिएमा अक्षरलाई मान्यता दिईने छ |

७. सिलबन्दी बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले ९०(नब्बे) दिनको हुनेछ |

८. बोलपत्र पेश गर्दा आफुले कबोल गरेको कूल रकमको कम्तीमा ५% ले हुने अर्नेष्ट मनी वापतको रकम यस बैंकको शाखा कार्यालय थापाथलीको अर्नेष्ट मनी (९१६१२००००) हिसावमा नगदै जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा यस बैंक बाहेक मान्यता प्राप्त अन्य **'क'** श्रेणीको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा १२० दिन अवधिको बोलपत्र जमानत (बिडबण्ड ग्यारेण्टी) संलग्न गर्नु पर्नेछ |

९. स्वीकृत बोलपत्रदाताले सूचना पाएको १५ दिन भित्र आफुले कबोल गरेको अंकको १०% ले हुने नगदै धरौटी वापत यस बैंकको कुनै पनि शाखा कार्यालयको अर्नेष्ट मनी (९१६१२००००) हिसावमा जम्मा गरि सो को सक्कल अर्धकट्टी भौचर वा (यस बैंक बाहेक) अन्य 'क' श्रेणीको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको कम्तीमा १८०(एक सय अस्सी) दिन अवधिको कार्य सम्पादन जमानत(परफमेन्स ग्यारेन्टी) पेश गरि सम्झौता गर्नु पर्नेछ, खरिद सम्झौता बमोजिम कार्य सम्पादन गर्न नसकेमा उक्त कार्य सम्पादन जमानत जफत हुनेछ |

१०. तोकिएको म्याद नाघी कार्यालयमा दाखिला हुन आएको वा रित नपुगी दाखिला भएको वा यस बैंकबाट विक्रि गरिएको बोलपत्र पेश नगरेमा त्यस्ता बोलपत्र उपर कुनै कारवाही हुने छैन |

११. घटी वा बढी रकमको बोलपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने आदी सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहने छ र सो को कारण प्रकाशमा ल्याईने छैन | साथै स्वीकृत बोलपत्र बमोजिमको कार्य सम्पन्न गर्ने समयावधि थपघट गर्ने नगर्ने, हर्जाना लिने नलिने, तोकिएको कार्यको परिमाण थपघट गर्ने नगर्ने आदि अधिकार रा.वा.बैंक लि. आर्थिक प्रशासन विनियमावली २०६८ अनुरुप हुने गरी बैंकमानै सुरक्षित रहनेछ |

संलग्न नमूना बमोजिमका **विभिन्न प्रकारका सामानहरु**को गुणस्तर अनुरुपको कागजातमा छपाई गर्नुपर्नेछ ।

| क्र.सं. | सामानहरुको विवरण | परिमाण | |
|---|---|---|---|
| १ | उत्तरपुस्तिका | २ लाख प्रति | बैंकले उपलब्ध गराएको गुणस्तर र नमुना अनुसार ( १ प्रति मा ६ पाना हुनेछ ) |
| २ | कम्प्यूटर स्टेटमेन्ट पेपर | १५०० रिम | बैंकले उपलब्ध गराएको गुणस्तर र नमुना अनुसार |
| ३ | कर्मचारी संचयकोष भौचर | १५०० प्याड | बैंकले उपलब्ध गराएको गुणस्तर र नमुना अनुसार |

***नोट :*** *१ प्याड बराबर १०० पाना रहनेछ ।*

- कागजातको साईज र अन्य विस्तृत विवरण बैंकले उपलव्ध गराएको नमुना वमोजिम हुनेछ ।